प्रतिदिन १७ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY



प्रतिदिन
हर प्रहर ताजा खबर!
लगईन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१७ ।। अङ्क : ५२ ।। २०८१ चैत १५ गते शुक्रबार (28th Mar 2025 Friday) | **Pratidin** National Daily | मूल्य-रु.५/-


# सत्ता जोगाउन एमाले सडकमा उत्रिने

दमक(प्रस) । राजावादीहरु आन्दोलित भएपछि सत्तासिन नेकपा एमाले पनि सडकमा उत्रिने भएको छ ।सडकमा आफ्नो शक्ति देखाउँदै राजावादीहरुलाई जवाफ दिन एमालेले चैत ३० गते झापाको दमकमा जनसभा गर्ने भएको छ । जनसभामा १ लाख जनता सहभागी गराउने नेकपा एमालेका स्थायी कमिटी सदस्य एवम् कोशी प्रदेशका इञ्चार्ज शेरधन राईले दावी गरेका छन् ।

बिहीवार दमकमा प्रेस चौतारी झापाले आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै नेता राईले राजावादीहरुको टाउको उठाउन नदिन एमालेले बृहत जनसभाको तयारी गरेको बताए ।

जरा अभियानमार्फत वडा, टोलसम्म कार्यक्रम सञ्चालन गरिरहेको एमालेले प्रतिगामीलाई तह लगाउँदै प्राप्त उपलब्धी रक्षाका लागि सक्षम रहेको दावी गरे । उनले नेकपा एमाले र नेपाली कांग्रेस




उपलब्धी रक्षाका लागि चुप लागेर नबस्ने बताए । पत्रकार सम्मेलनमा बोल्दै नेता राईले मुलुकमा राजनीतिक अस्थिरता र प्रतिगामी तत्वहरु सल्वलाएकाले जनतालाई सचेत गराउन आवश्यक रहेको बताए । जादुमयी नम्बर, राजावादी र प्रतिगामीहरु मुलुकको विकल्प हुन नसक्ने उनले दावी गरे । एमालेको मिसन ०८४ र समृद्ध नेपाल, सुखी नेपालीको लक्ष्यलाई कमजोर बनाउन प्रतिगामीहरुले अराजक गतिविधि बढाइएको उनको ठहर छ ।

नेकपा एमाले अहिले पार्टी सुदृढ एवम् बलियो आधार तयार गर्न परिचालन भइरहेको बेला अराजक तत्वहरुले मुलुकमा अवाञ्छित गतिविधिहरु गरेको राईले आरोप लगाए ।

बृहत जनसभामा २ हजार स्वयम्सेवक परिचालन गर्ने तयारी गरिएको छ । जनसभामा नेकपा (एमाले) का नेता, कार्यकर्ता र सदस्यहरु परिचालित हुने जानकारी दिए । जनसभा तयारीका लागि नेता राईको संयोजकत्वमा जनपरिचालन कमिटी बनाइएको छ ।

प्रेस चौतारी झापाका अध्यक्ष प्रदीप परियारको अध्यक्षतामा सम्पन्न पत्रकार सम्मेलनमा पार्टीका नेता, कार्यकर्ताहरुको सहभागिता रहेको थियो ।

# अधुरो जीपी भवन पूरा गर्ने प्रधानमन्त्रीको प्रतिबद्धता



**द्रोण अधिकारी**

भद्रपुर । विगत ६ वर्षयता म्याद थप नहुँदा निर्माण कार्य रोकिएर अलपत्र परेको सदरमुकाम चन्द्रगढीमा रहेको गिरिजाप्रसाद कोइराला स्मृति सभागृहको निर्माण कार्य अघि बढाउने प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिबद्धता जनाएका छन् ।

भद्रपुरका नगर प्रमुख गणेश पोखरेल नेतृत्वको टोलीसित प्रधानमन्त्री निवास बालुवाटारमा ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्री ओलीले भवन निर्माणमा रहेका समस्या हल गरेर निर्माण अवधि थप हुने वातावरण बनाउने प्रतिबद्धता जनाएका हुन् ।

पूर्वउपप्रधानमन्त्री एवं राष्ट्रियसभामा काँग्रेस संसदीय दलका नेता कृष्णप्रसाद सिटौला, भद्रपुरका २, ४ र ७ का वडाध्यक्ष, कार्यपालिकाका सदस्य सहभागी प्रतिनिधिमण्डलले अलपत्र अवस्थामा रहेको सभागृहको निर्माण कार्य सुचारु गराउन ज्ञापनपत्र बुझाएपछि प्रधानमन्त्री ओलीले गणतन्त्र नेपालको स्मृतिमा निर्माण भइरहेको भवन अलपत्र नपर्ने वचन दिएको नगर प्रमुख पोखरेलले जानकारी दिए ।

पोखरेलका अनुसार प्रधानमन्त्री ओलीलाई प्रतिनिधिमण्डलले रोकिएको निर्माण कार्यलाई अघि बढाउन देखिएका बाधा अबरोध हटाउन माग गरिएको नगरसभाको निर्णयसहित विभिन्न विकल्प समावेश गरी सुझाव दिएको छ ।

साविक जिल्ला विकास समितिबाट दुई वर्षमा निर्माण सम्पन्न हुने गरी ठेकेदार कम्पनीसँग सम्झौता भएपनि ठेकेदारको पटक-पटक माग गरेको म्याद थप नभएको कारण कानुनी समस्याका उत्पन्न भएर निर्माण कार्य अलपत्र परेको हो ।

यसैबीच सो टोलीले नेपाली काँग्रेस सभापति शेरबहादुर देउवा, राप्रपा अध्यक्ष एवम् झापा ३ का संघीय सांसद राजेन्द्रप्रसाद लिङ्देनलाई समेत भवन निर्माणको वातावरण बनाइदिन माग राखेर स्मरणपत्र बुझाएको छ । टोलीमा संलग्न भद्रपुर नगर प्रमुखका सचिवालय प्रमुख राजा मण्डलका अनुसार झापा ३ लगायत देशकै पहिचान बन्न सक्ने सो भवन निर्माण सम्पन्न गराउन सहयोगी भूमिका खेल्ने दुवै नेताले वचन दिएका छन् ।

पूर्वप्रधानमन्त्री एवं नेपाली काँग्रेसका पूर्वसभापति गिरिजाप्रसाद कोइरालाको नाममा निर्माण सुरू भएको सो सभागृहको २०७२ असार २८ गते काँग्रेस, एमाले, माओवादी तथा तत्कालीन फोरम लोकतान्त्रिक गरी चारै दलका शीर्ष नेताहरू एकै ठाउँमा उभिएर शिलान्यास गरेका थिए । तत्कालीन प्रधानमन्त्री सुशिल कोइरालाको पालामा शिलान्यासपछि देशमा सात वटा प्रधानमन्त्री फेरिसकेका छन् । संघीयता कार्यान्वयनमा आएपछि ओली चार पटक, प्रचण्ड तीन पटक र देउवा दुई पटक प्रधानमन्त्री बनिसकेका छन् तर कसैले पनि यस भवनको निर्माण कार्यका लागि पहल गरेनन् । २०७२ सालमा संविधान जारी भएपछिका हरेक निर्वाचनमा जीपी भवनको अधुरो अनुहार देखाएर झापा ३ मा भोटको राजनीति निरन्तर भइरहेको छ । निर्वाचनपछि यस भवनको जीर्ण स्वरूपमा परिवर्तन ल्याउने काम अहिलेसम्म कसैले गरेका छैनन् ।

# परपुरुषसंग लागेको भन्दै श्रीमतीको क्रुर हत्या




झापा(प्रस) । उदयपुरमा परपुरुषसंग लागेको भन्दै गुप्ताङ्गमा घौंचो घुसारेर श्रीमतीको हत्या गरेको दर्दनाक घटना भएको छ ।

बुधवार दिउँसो १.३० बजे उदयपुरगढी गाउँपालिकामा वडा नम्बर ५ मौवासीका ४५ वर्षीय रमेश राईले परपुरुषसंग लागेको आरोपमा विवाद हुँदा ३४ वर्षीया श्रीमती सुभद्रा राईको गुप्ताङ्गमा घौंचो घुसारेका थिए । गुप्ताङ्गमा घौंचो घुसारेलगत्तै सुभद्राको मृत्यु भएको थियो । त्यसरी क्रुर हत्या गर्ने रमेशलाई इलाका प्रहरी कार्यालय कटारीले नियन्त्रणमा लिएको छ । सडक मजदुरी गरी जीविकोपार्जन गर्दै आएका रमेशले आफू काममा गएर आउँदा श्रीमतीले परपुरुषसँग अनैतिक सम्बन्ध राखेको आरोप लगाएका थिए । राईका दुईजना श्रीमतीमध्ये मृतक सुभद्रा कान्छी श्रीमती रहेको बुझिएको छ ।

# बलात्कारको आरोपमा प्रहरीविरुद्ध जाहेरी

भद्रपुर(प्रस) ।विवाहको प्रलोभन देखाएर बलात्कार गर्ने नेपाल प्रहरीका एक कर्मचारीविरुद्ध पीडित युवतीले किटानी जाहेरी दिएकी छन् । मोरङ महानगरपालिका वडा नम्बर १५ घर भई कोशी प्रदेश प्रहरी गण बिराटनगरमा कार्यरत प्रहरी जवान चन्दनकुमार शाह (२४) विरुद्ध इलाका प्रहरी कार्यालय बिर्तामोडमा जाहेरी दर्ता गरिएको हो ।



पीडित अनारमनी-३६ (नाम परिवर्तन) की २० वर्षीया युवती हुन् । घटना भएका बेला उनी १९ वर्षकी मात्र पुगेकी थिइन् । उनले मुलुकी अपराध संहिता २०७४ को दफा २१९ बमोजिम बलात्कार आरोपमा शाहलाई कानुनी कारबाहीको माग गर्दै जाहेरी दर्ता गराइन् ।

पीडित र आरोपीबीच २०८१ जेठदेखि फेसबुकमा चिनजान भएको थियो । कुराकानी हुँदै जाँदा चन्दनले युवतीलाई विवाह गर्ने आश्वासन दिएका थिए । सामाजिक सञ्जालबाटै बिहे गर्ने वाचा गरेपछि उनीहरूबीच भेटघाटसमेत हुन थाल्यो ।


❖ बाँकी अन्तिम पृष्ठमा


# धान खेतको पानीमा डुबेर दाहालको मृत्यु

झापा(प्रस)। झापाको गौरादहमा धान खेतको पानीमा डुबेर एकजनाको मृत्यु भएको छ । बुधवार दिउँसो घरनजिकैको आलीबाट लडेका गौरादह १ बस्ने ६२ वर्षीय मेघराज दाहालको धान खेतको पानीमा डुबेर मृत्यु भएको हो । बुधवार बिहान अन्दाजी १० बजे घरमा



कसैलाई नसोधी हिडेकोमा धेरै समय घर फर्की नआएपछि आफन्तले खोजतलास गर्ने क्रममा दिउँसो २:३० बजे धान खेतमा घोप्टो परी उनी मृत अवस्थामा फेला परेका थिए ।

उनले अत्यधिक मादक पदार्थ सेवन गर्ने गरेको भन्ने बुझिएको छ ।सम्पूर्ण कानुनी प्रकृयापश्चात् शव पोष्टमार्टनका लागि दमक अस्पताल पठाएको प्रहरीले जनाएको छ ।

# रास्वपाको बिरोध प्रदर्शन जारी

झापा(प्रस) । नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाएको विषयलाई लिएर राष्ट्रिय स्वतन्त्र पार्टीले झापामा विराध कार्यक्रम जारी राखेको छ । केही दिनदेखि निरन्तर विरोध कार्यक्रम गर्दै आएको रास्वपाले बिहीवार मेचीनगरमा प्रदर्शन गरेको हो । रास्वपा मेचीनगर समितिको



आयोजनामा बिहीवार साँझ इटाभट्टा चोकमा मैनबत्ती बालेर बिरोध प्रदर्शनसहित कोणसभा गरिएको थियो ।

नगर सभापति कमल गौतमको नेतृत्वमा रास्वपा झापा क्षेत्र नं. १ का सभापति भीम कुँवरलगायतका कार्यकर्ता भेला भई बिद्युत प्राधिकरणका कार्यकारी निर्देशक घिसिङलाई सरकारले पदबाट हटाएको बिरोधमा 'नालायक सरकार मुर्दावाद, भ्रष्ट सरकार मुर्दावाद, कुलमान घिसिङलाई पुनः नियुक्ति गर, ऊर्जामन्त्री राजीनामा दे' जस्ता नारा लगाउँदै मैनबत्ती बालेर बिरोध प्रदर्शन गरेका थिए ।

## आदिवासी राजवंशी भाषिक साँस्कृतिक विकास प्रतिष्ठान

**भद्रपुर , झापा**

**प्रकाशित मिति-२०८१/ १२/१५**

## दोस्रो साधारण सभा तथा २०८२ सालको महान सिरुवा पावनी कार्यक्रमबारे सूचना

यस आदिवासी राजवंशी भाषिक साँस्कृतिक विकास प्रतिष्ठान भद्रपुरको कार्यसमितिको मिति २०८१/१२/०९ गते बसेको बैठकबाट पारित भएको निर्णय अनुसार संस्थाको सदस्यता नवीकरण , दोस्रो बार्षिक साधारण सभा तथा आदिवासी राजवंशी भाषी अन्तर्गत मनाइने महान सिरुवा पावनी २०८२ को उपलक्ष्यमा संस्थाको तेस्रो सिरुवा पावनी कार्यक्रम यहि मिति २०८२/०१/०३ गते हुने भएकोले यस संस्थाका संस्थापक पदाधिकारी एवं सदस्य , आजीवन सदस्य , साधारण सदस्य , सल्लाहकार सदस्य एवं आदिवासी राजवंशी भाषी अन्तर्गत पर्ने समुदाय, वर्ग , शुभचिन्तक , भद्रभलाद्मी , बुद्धिजीवी तथा सर्वसाधारण सम्पूर्णमा उपस्थित भईदिनको लागि हार्दिक अनुरोध गरिन्छ ।

**कार्यक्रम हुने स्थान : प्रतिष्ठानको प्राङ्गण**

**ठेगाना : भद्रपुर -०६, भातियाबारी**

**समय : विहान ९ बजेदेखि**

यस संस्थाका सम्पूर्ण साधारण सदस्यता नवीकरण गर्न बाँकी रहेका सदस्यहरुले मिति २०८१/१२/२५ गतेभित्र सदस्यता नवीकरण गर्नु हुन हार्दिक अनुरोध गर्दछौ ।

*(नोट यसअघि मिति २०८१ चैत १३ गते प्रकाशित सूचनामा दोस्रो बार्षिक साधारण सभा तथा आदिवासी राजवंशी भाषी अन्तर्गत मनाइने महान सिरुवा पावनी गल्तीवश आगामी बैशाख २ गते हुने भनिएकोमा त्यसलाई सच्याएर पुनः प्रकाशित गरिएको छ । )*


**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरुदण्ड रोग /सर्जन
समय: सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समय: विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टोउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरुदण्ड (स्पाइन), नशा, ढाड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयाष्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# ताप्लेजुङका २० प्रहरी पुरस्कृत



झापा(प्रस) । कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक राजन अधिकारीले ताप्लेजुङका २० जना प्रहरी कर्मचारीलाई पुरस्कृत गरेका छन् ।

प्रहरी कार्यालयको निरीक्षण भ्रमणका लागि आएका अधिकारीले प्रहरी नायब उपरीक्षक रवि रावलदेखि जवान र कार्यालय सहयोगीसम्मलाई पुरस्कृत गरेका हुन् ।

पाथीभरा केबलकार विवाद, झडप जस्ता गतिविधि भइरहेका बेला प्रदेश प्रहरी प्रमुखले जिल्लामै आएर गरेको सम्मान र पुरस्कारलाई महत्वका साथ हेरिएको छ । हिरासत, कार्यालय भवन, शाखाहरु अवलोकनपछि प्रहरी कर्मचारीलाई निर्देशन दिएका थिए ।

आचरण र व्यवहारमा सुधार ल्याई भाईचारा तथा सहयोगी भावनाको साथ आफ्नो कर्तव्य निर्वाह गर्न उनको निर्देशन छ । संगठनको हित र उद्देश्यलाई सर्वोपरी ठानी नागरिकमैत्री प्रहरी सेवा प्रदानुपर्नेमा उनको जोड छ । ताप्लेजुङका विभिन्न इकाईमा कार्यरत उत्कृष्ट काम गर्ने प्रहरी कर्मचारीहरुलाई पुरस्कृत गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## बलात्कारको ...

पीडितका अनुसार २०८१ भदौ ७ गते आरोपीले युवतीलाई झापाको सुरुङ्गामा भेट्न बोलाए । भेटका क्रममा रात परिसकेको भन्दै उनले पीडितलाई होटलमै बस्न दवाव दिए । युवतीले घर जानुपर्ने बताउँदा पनि ‘ तिमीलाई म एक्लै छोड्दिन, केही हुँदैन’ भन्दै उनलाई होटलमा राख्ने प्रयास गरे ।

त्यसपछि आरोपीले होटल क्विन प्यालेस (कन्काई-३) मा कोठा बुक गरे । युवतीले कोठा लिनुअघि नै अनैतिक कार्य नगर्ने शर्त राखेकी थिइन् । तर, कोठामा छिरेलगत्तै शाहले जबरजस्ती अँगालो हालेर बलात्कार गरेको जाहेरीमा उल्लेख छ ।

‘घटनापछि म धेरै रोएँ । बलात्कृत भएको केही दिनसम्म आरोपीले विवाह गर्ने आश्वासन दिइरहेका थिए । केही दिनसम्म सम्पर्कमा नै थिए । उनले मलाई अन्तिम पटकको संवादमा म तिमीलाई विवाह गर्दिनँ । तिमी तिम्रै बाटो लाग म मेरै बाटो लाग्छु भने ।‘त्यसपछि मोबाइल, ह्वाट्सएप, म्यासेन्जर सबै माध्यमबाट ब्लक गरेपछि म थप मानसिक तनावमा परे ।’ युवतीले आफ्ना समस्या सुनाइन् ।

शारीरिक सम्पर्कपछि आरोपीले विवाह गर्न अस्वीकार गर्दै ‘तिमी आफ्नो बाटो लाग, म आफ्नो बाटो लाग्छु’ भनेपछि पीडित तनावमा परिन् । परिवार वा आफन्तलाई केही नभनी मानसिक पीडा झेल्दै गर्दा उनले आत्महत्याको प्रयासस्वरूप विष सेवन गरिन् ।

परिवारले थाहा पाएर उनलाई तत्काल उपचारका लागि लाइफलाइन अस्पताल हुँदै विराटनगर नोबेल अस्पताल पुर्‍याएका थिए । दुई महिनासम्मको सघन उपचारपछि उनी बाँच्न सफल भइन् ।

न्यायका लागि उनी पत्रकार विनोद सापकोटामार्फत कानुनी परामर्शमा जोडिइन् । कानुन व्यवसायी अर्जुन बस्नेतसहितको टिमको सहयोगमा जाहेरी दर्ता प्रक्रिया अघि बढाइयो ।

पीडित न्यायका लागि पटक-पटक प्रहरी कार्यालय धाइरहेकी थिइन् । समाजका विभिन्न क्षेत्रका अगुवा, महिला अधिकारकर्मी कल्पना चौलागाईं, नेकपा माओवादी केन्द्रका नेता डिल्ली घिमिरे (हिक्मत) र खेलकुद महासंघका भिम लिवाङ लगायतको दवावपछि प्रहरीले जाहेरी लिन बाध्य भयो ।

पीडितको स्वास्थ्य परीक्षण भद्रपुरस्थित प्रादेशिक अस्पतालमा गराइएको छ । स्वास्थ्य परीक्षणको रिपोर्ट आउन बाँकी रहेको प्रहरीले जनाएको छ । जाहेरी दर्ता भएकी दिन सुरुङाको घटनास्थल होटल ‘क्विन प्यालेस’को पनि सनाखत गरिएको छ । जाहेरी दर्ता भएसँगै प्रहरीले अनुसन्धान प्रक्रिया अघि बढाएको छ । नेपालको फौजदारी संहिता, २०७४ अनुसार, १९ वर्षकी युवतीमाथि जबरजस्ती करणी (बलात्कार) गर्ने अपराधलाई गम्भीर रूपमा लिने गरिएको छ । पीडक दोषी प्रमाणित भएमा कडा सजायको व्यवस्था छ । दफा २१९ अनुसार, १८ वर्ष वा सोभन्दा बढी उमेरकी महिलामाथि बलात्कार गरेमा दोषीलाई ७ देखि १० वर्षसम्म कैद सजाय हुनेछ । यदि बलात्कारपछि पीडितलाई गम्भीर शारीरिक वा मानसिक क्षति पुगेको छ भने सजाय थप कडा हुन सक्ने कानुन व्यवसायी अर्जुन बस्नेतले बताए ।

पीडक चन्दन कुमार शाह जो कोशी प्रदेशको प्रहरी गणमा कार्यरत प्रहरी जवान हुन् । उनीमाथि लागेको आरोप गम्भीर विश्वासघातको रूपमा लिइन्छ । किनभने उनले आफ्नो पदको दुरुपयोग गरी अपराध गरेको देखिन्छ । यदि अदालतमा दोषी ठहर भएमा फौजदारी संहिताको दफा २२१ अनुसार सार्वजनिक पद धारण गर्ने व्यक्तिले गरेको अपराधमा थप सजायको व्यवस्था हुन सक्छ ।

# प्रधानमन्त्री ओली नबोल्ने



झापा(प्रस) ।नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट कुलमान घिसिङलाई हटाइएको विषयमा सरकार संसद्मा जवाफ दिन तयार भएको छ ।

यद्यपि विपक्षी दलहरूको मागअनुसार प्रधानमन्त्री केपी शर्मा ओली भने आफैं उपस्थित भएर जवाफ भने नदिने एमालेका मुख्य सचेतक महेश बर्तौलाले जानकारी दिए ।

मुख्य सचेतक बर्तौलासँगको भेटमा प्रधानमन्त्री ओलीले सरकारले जवाफ दिए पनि आफू भने नबोल्ने बताएका हुन् । सभामुख देवराज घिमिरे र प्रमुख सचेतकहरूबीचको भेटपछि प्रधानमन्त्री ओलीलाई भेटेका बर्तौला भन्छन्, ‘सरकारका तर्फबाट विषय राख्छौं । हाउसमा उठेका विषयको सरकारले रेस्पोन्स गर्छ । प्रतिपक्षीले मागेअनुसार को आउने को नआउने, को बोल्ने को नबोल्ने भन्ने हुँदैन । पीएम सदनमा नआउने भन्ने होइन । कुलमानलाई हटाएको विषयमा अहिले नै हाउसमा प्रधानमन्त्री आउने सम्भावना छैन । तर सरकारले यसमा जवाफ दिन्छ ।’

विपक्षी दलहरूले भने मन्त्रिपरिषद् बैठकबाटै कुलमानलाई हटाउने निर्णय गरिएको भन्दै प्रधानमन्त्री ओली आफैं सदनमा आएर यसबारे स्पष्टीकरण दिनुपर्ने माग राख्दै आएका छन् । उनीहरूले प्रधानमन्त्रीले जवाफ नदिएसम्म सदन अवरुद्ध गर्ने अडानसमेत राखेका छन् ।

यसैबीच आफूलाई गैरकानुनी रूपमा हटाइएको भन्दै कुलमानले पेस गरेको रिट सर्वोच्च अदालतमा दर्ता भएको छ । घिसिङले आफूलाई गैरकानुनी रुपमा हटाइएको भन्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, नेपाल विद्युत् प्राधिकरणलगायतलाई विपक्षी बनाएर रिट हालेका थिए ।

# खोलाको पानी खान बाध्यलाई निःशुल्क धारा:बुढाथोकी

मेचीनगर(प्रस)। मेचीनगर नगरपालिकाका प्रमुख गोपालचन्द्र बुढाथोकीले खोल्सी, पैनी र खोलाको पानी खान विवश अति विपन्न परिवारलाई अब निःशुल्क धारा जडान गरिने बताएका छन् । बिहीवार मेचीनगर-४ नम्बर वडा कार्यालयमा ‘नगर प्रमुखसँग टोल विकास समिति’ शिर्षकको अन्तरक्रियामा उनले यस्तो कुरा बताएका हुन् ।

खानेपानीको धारा जडान गर्न नसकेर खोल्सी, पैनी र खोलाको पानी खान बाध्य भएका विपन्न परिवारलाई निःशुल्क धारा जडान गरिने उनको भनाई छ ।

‘अब आगामी वर्षदेखि धारा जडान गर्न नसक्ने गरीव परिवारलाई वडाको सिफारिसमा धारा वितरण गरिन्छ’, नगर प्रमुख बुढाथोकीले भने-‘सामाजिक र पारिवारिक अनुशासन भएका गरीव परिवार जो खोलाको पानी खाइरहेका छन् । उनीहरुको लगत संकलन गरिन्छ ।’

४ नम्बर वडाका २५ वटा टोल विकास समितिका अध्यक्ष र सचिवहरुले टोलका सडक वत्ती, मिटर, वल्ब, भत्किएका सडक, ह्युमपाइप, कल्भर्ट, हात्ती नियन्त्रण, फेन्सिङ तार मर्मत, बाँदर आंतक, खानेपानी संस्थापछि मिटरको फरक-फरक दररेट, शिक्षा, स्वास्थ्य, कृषि लगायतका समस्या र समाधान विषयमा कुरा राखेका थिए । उनल भने-‘हात्तीलाई छेक्न र नियन्त्रण गर्न सकिदैन । तर्काउन बाहेक अरु उपाय छैन । किसानको बाली बीमा गर्न सकिन्छ । बीमा प्राधिकरणले बाली बीमा गर्न मानेको छैन । हात्ती प्रभावित क्षेत्रमा सोलार बत्ती निर्माण गर्ने तयारी पनि गरिरहेका छौं ।’

विद्युतका पोल, ह्युमपाइप, सडक बत्ती लगायतका टोल विकासबाट आएका मागहरु समाधान गर्दै जाने उनको भनाई छ ।

टोल विकास समितिका सुवर्णकुमार खड्का, तारा बस्नेत आचार्य, विमला काफ्ले, राजकुमार थेवे, भक्ति विष्ट, रेणुका थापालगायतले टोलका समस्याका विषयमा कुरा राखेका थिए ।

‘नगर प्रमुखसँग टोल विकास समिति’ अन्तरक्रियाको सहजीकरण वडाध्यक्ष अर्जुनकुमार कार्कीले गरेका थिए ।

## दोस्रो ...

निर्माण क्षेत्र, कृषि, विद्युत् उत्पादन तथा वितरणमा भएको वृद्धिसँगै वित्तीय मध्यस्थताको कुल मूल्य अभिवृद्धिमा भएको वृद्धि प्रमुख कारक रहेका छन्,’ कार्यालयले भनेको छ, ‘खासगरी यस अवधिमा शिक्षा, आवास तथा भोजन र अन्य सेवा क्षेत्रमा उल्लेख्य वृद्धि हुन नसकेकाले अर्थतन्त्रको वृद्धिदर सामान्य रहन गएको अनुमान रहेको छ ।’ मौसमी प्रभाव समायोजित तथ्याङ्कका आधारमा कुल १८ ओटा औद्योगिक क्षेत्रमध्ये दुईओटामा ऋणात्मक वृद्धिको अनुमान गरिएको छ । विद्युत् तथा ग्यास क्षेत्रमा चार दशमलव आठ प्रतिशत र आवास तथा भोजन क्षेत्रमा दुई दशमलव सात प्रतिशतको ऋणात्मक वृद्धि देखिएको छ । मौसमी प्रभाव समायोजन नगरिएको तथ्याङ्कअनुसार यातायात तथा भण्डारणसँग सम्बन्धित क्रियाकलापको सबैभन्दा धेरै १४ दशमलव दुई प्रतिशत वृद्धिदर रहेको छ भने खानी तथा उत्खनन क्षेत्र नौ दशमलव पाँच प्रतिशत वृद्धिदरसहित दोस्रो धेरै वृद्धि हुने औद्योगिक क्षेत्र रहेको छ ।

यसैगरी, निर्माण सामग्रीहरूको आयात तथा घरेलु उत्पादनको वृद्धिसँगै निर्माण क्षेत्रको कुल मूल्य अभिवृद्धि वृद्धिदर नौ दशमलव एक प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ । उत्पादनमूलक उद्योगको वृद्धिदर सात दशमलव चार प्रतिशत र निक्षेप तथा कर्जामा भएको वृद्धिका कारण वित्तीय तथा बिमा क्षेत्रको मूल्य अभिवृद्धि वृद्धिदर छ दशमलव छ प्रतिशत हुने अनुमान गरिएको छ । व्यापार क्षेत्रको वृद्धिदर छ दशमलव एक र सूचना तथा प्रविधि क्षेत्रको वृद्धिदर चार दशमलव नौ प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएको छ । मुलुकको अर्थतन्त्रमा सबैभन्दा धेरै योगदान पुर्‍याउने कृषि क्षेत्रको वृद्धिदर तीन दशमलव दुई प्रतिशत मात्र हुने प्रारम्भिक अनुमान गरिएको छ । “धानको उत्पादनमा भएको वृद्धिका साथै तरकारी, अमिलो जातको फलफूल तथा हिउँदे फलफूल र पशुपक्षीजन्य उत्पादनमा भएको वृद्धिले यस क्षेत्रको कुल मूल्य अभिवृद्धिमा सकारात्मक प्रभाव परेको देखिन्छ,’ सार्वजनिक विवरणमा भनिएको छ ।

अर्थतन्त्रको दोस्रो ठूलो क्षेत्रका रूपमा रहेको थोक तथा खुद्रा व्यापार क्षेत्रमा स्वदेशी उत्पादनमा भएको वृद्धि तथा प्रमुख व्यापारजन्य वस्तुको आयातमा भएको वृद्धिका कारण केही विस्तार देखिएको जनाइएको छ ।

यस्तै, औद्योगिक वस्तुको उत्पादनमा क्रमिक सुधार आएका कारण उत्पादनमूलक उद्योग क्षेत्रको वृद्धिमा उल्लेख्य सुधार हुन गएको प्रारम्भिक अनुमान छ । दोस्रो त्रैमासिकमा सार्वजनिक प्रशासन तथा रक्षा दुई दशमलव दुई, स्वास्थ्य तीन दशमलव एक, घरजग्गा कारोबार तीन दशमलव एक प्रतिशतले बढ्ने अनुमान गरिएको छ ।

# ११ वर्षीया नाबालिकालाई बलात्कार गर्ने पक्राउ



झापा(प्रस) । ११ वर्षीया नाबालिकालाई पटक पटक बलात्कार गर्ने इलामका एक युवक पक्राउ परेका छन् । बिहीवार बिहान ११:३५ बजे इलाम नगरपालिका ४ बरबोटे बस्ने २२ वर्षीय दिपेश नेपालीलाई प्रहरीले पक्राउ गरेको हो । वडा नं ४ बरबोटे बस्ने ११ वर्षीया नाबालिकालाई नेपालीले ललाई फकाई, प्रलोभनमा पारी, धाक धम्की दिई पटक पटक जबरजस्ती करणी गरेका थिए । अस्थायी प्रहरी पोष्ट बिब्ल्याटेबाट प्रहरी टोली खटिएर पीडकलाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय इलाममा राखिएको छ ।

# अर्जुनधाराको सामुदायिक वनमा आगलागी



झापा(प्रस) । झापाको अर्जुनधारास्थित सामुदायिक वनमा आगलागी भएको छ । बुधवार साँझ ७ बजे अर्जुनधारा वडा न.३ स्थित शान्ति सामुदायिक वन (सेक्टर न.२) मा आगलागी भएको हो । प्रहरी र स्थानीयको सहयोगमा आगो निभाउने कार्य भइरहेको छ । घर भेट्ने सम्भावना नरहेको प्रहरीले जनाएको छ ।

## विमालेख हरायो

**एलआइसी कम्पनीको पोलिसी नं.६०००००२२७ को पोलिसी पेपर झापा बजारदेखि सुरुङ्गा जाने क्रममा २०८१/१०/२० गते हराएको हुँदा भेट्नुहुने महानुभावले तलको फोन नम्बर वा नजिकैको प्रहरी कार्यालयमा बुझाई दिनुहोला ।**

**नाम :- मीरा देवी परियार**
**हकवाला :- हरि परियार**
**ठेगाना :- झापा गाउँपालिका वडा २ , झापा वजार**
**मोबाइल नं. ९८१४०६३६७०**

## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश, झापा जिल्ला,शिवसताक्षी न.पा.वडा नं.-५ मा बस्ने श्री मल्लु ताजपुरियाकी नातिनी,श्री शंखरकुमार ताजपुरियाकी छोरी,श्रीमती सुकमनी ताजपुरियाको मिति वि.सं.२०८०/१२/२१गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय शिवगञ्जमा रहेको बचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका छोरा मुकेश ताजपुरियाले मिति वि.सं.२०८१/१२/१३मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

## कलेज भवन निर्माणको लागि निमर्माण सामाग्री आपूर्ति र श्रम सम्झौता गरि दरभाउपत्र पेश गर्ने सूचना

प्रथम पटक प्रकाशित २०८१/१२/१५

झापा जिल्ला विर्तामोड नगरपालिक वडा नं. २ दाहाल गाउँमा अवस्थित पूर्वाञ्चल स्वास्थ्य सहकारी संस्था लि.द्वारा संचालित मनमोहन मेमोरियल पूर्वान्चल कलेजको प्राविधिक डिजाईन अनुसारको भवन निर्माण गर्न आवश्यक निर्माण सामाग्रीहरु आपूर्ति तथा निर्माण कार्यको लागि श्रम सम्झौता घटाघटको प्रक्रियाबाट गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा मनमोहन सामुदायिक अस्पताल विर्तामोड, झापाको प्रशासन शाखामा ईच्छुक निर्माण सामाग्रीहरुका उत्पादक उद्योग, सप्लायर्सलाई गुणस्तर र ब्रान्ड समेत खुलाई दरभाउपत्र पेश गर्न तथा सस्थाद्वारा स्विकृत प्राविधिक डिजाईन अनुसारको भवन निर्माण गर्न इच्छुक फर्म ठेक्केदारहरुलाई श्रम सम्झौताको दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ ।

**१. आवश्यक निर्माण सामाग्रीहरु निम्नानुसार छन ।**

* PPC OPC सिमेन्ट
* फलामे डण्डी
* ढुंगा वालुवा पुरुवा माटो
* टायल मार्वल
* झयालहरुम्भ लाग्ने ग्रीलहरु
* UPVC र आल्मुनियमहरुका झयाल डोका
* कर्कट पाता
* ट्स बनाउने फलामे पाईप
* सेनिटरी र प्लम्बिङका सामान
* विजुलीका सामान
* होलो व्लक
* फल्स सिलिङ्ग

**२. आवश्यक दक्ष, अर्धदक्ष र अदक्ष कामदार आपूर्ति गरी डिजाइन इस्टिमेट अनुसारको भवन निर्माण गर्न दरभाउपत्र ।**

प्रशासन शाखा
**मनमोहन सामुदायिक अस्पताल**
**विर्तामोड, झापा**
सम्पर्क नं. ०२३-५३५२५१

## पेन्सन पट्टामा नाम फरक परेको सूचना




इलाम जिल्ला सूर्योदय नगरपालिका वडा नं ३ निवासी ललेन कुमार राईको निवेदन अनुसार निज पेन्सनर भारतीय सेनाको सैनिक नं ५७४८१८३ ब दर्जा नायकबाट अवकाश प्राप्त निज पेन्सरकी श्रीमती कुमारी धन राईको नेपाली नागरिकता प्रमाणपत्र बमोजिम नाम कुमारी धन राई रहेको तथा पेन्सन पट्टा अभिलेखमा मज्जुला गुरुङ भई फरक परेकोमा उल्लेखित दुवै नाम गरेको व्यक्ति फरक फरक नभई एकै व्यक्ति भएको साथै निजको श्रीमतीको नेपाली नागरिकतामा पतिको नाम लालन कुमार राई तथा पतिको नागरिकतामा ललेन कुमार राई भई फरक परेकोमा उल्लेखित दुवै नाम गरेको व्यक्ति फरक फरक नभई एकै व्यक्ति भएको र पेन्सनरको जेठो छोराको नेपाली नागरिकता प्रमाणपत्र बमोजिम नाम सुजन कुमार राई भएको तथा पेन्सन पट्टा अभिलेखमा नाम सुजन कुमार गुरुङ भएतापनि उल्लेखित दुवै नाम गरेको व्यक्ति फरक फरक नभई एकै भएको, कान्छो छोराको नेपाली नागरिकता प्रमाणपत्र बमोजिम नाम शुशिल राज राई भएको तथा पेन्सन पट्टा बमोजिम नाम शुशिल गुरुङ भएतापनि उल्लेखित दुबै नाम गरेको व्यक्ति फरक फरक नभई एकै व्यक्ति भएको साथै पेन्सनरकी छोरीको नेपाली नागरिकता प्रमाणपत्र बमोजिम नाम सरला देवी राई तथा पेन्सनपट्टा अभिलेखमा शिला गुरुङ भई फरक परेतापनि उल्लेखित दुवै नाम गरेको व्यक्ति फरक फरक नभई एकै व्यक्ति हो भनी सर्वसाधारणमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | नाता | नामथर | जन्म मिति | विवाह मिति | मृत्यु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | निवेदक | ललेन कुमार राई | २०१५/०७/१६ | २०३८/०१/१७ | जिवित | अपाङ्गता नभएको |
| २ | श्रीमति | कुमारी धन राई | २०१८/०९/२७ | २०३८/०१/१७ | जिवित | अपाङ्गता नभएको |
| ३ | छोरा | सुजन कुमार राई | २०४३/१०/१४ | २०७२/११/०६ | जिवित | अपाङ्गता नभएको |
| ४ | छोरा | शुशिल राज राई | २०४४/०५/०८ | २०७४/११/१५ | जिवित | अपाङ्गता नभएको |
| ५ | छोरी | सरला देवी राई | २०४७/०४/३० | २०१७/१०/१७ | जिवित | अपाङ्गता नभएको |

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# बिगार्ने उपल्लो जाति

धनीले गरिबलाई हेप्ने , ठूलो जातले सानो जातलाई हेला गर्ने कुप्रथा सायदै हट्न सक्छ । किनकि राज्यसत्तामा भएकाहरु नै यसको पक्षपाती हुन् । कथित उपल्लो जातिका भनाउँदाहरु नै सत्तामा छन् । उनीहरुबाटै छुवाछूत र विभेद हुँदै आएको छ । मान्छे–मान्छेबीच जात वा रंगका आधारमा गरिने विभेद मानव जातिकै सबैभन्दा निकृष्टता हो। तर, यही निकृष्टताले नेपाललाई अझै पनि गाँजेको छ। दलित भएकै आधारमा समाजमा हेपिनुपर्ने र चेपिनुपर्ने मात्रै नभई उठिबासै लाग्नेसम्मका घटना भएका छन् यो देशमा। सिरहाको औरही गाउँपालिकामा दीपक मलिकलाई महायज्ञ गर्ने बहानामा उठिबास लगाइयो। महायज्ञस्थलका लागि दलितको घर उठाउनु हुँदैसम्मको निचता अरू कोहीबाट होइन, गाउँपालिका अध्यक्ष शिवराज यादवकै अगुवाइमा भयो। यो सरासर नेपालको प्रचलित कानुन र संविधानमाथिकै चुनौती हो। संविधानले मौलिक हकमै व्यवस्था गरेको छ कि छुवाछुत विरुद्धको हक। तर डोम समुदायका दीपक मलिकले त्यो हक त पाएका छैनन् नै, बसोबास पनि गुमाउनुपरेको छ।

२०६३ सालमै नेपालले छुवाछुतमुक्त घोषणा गरेको हो। त्यसमाथि जातीय तथा अन्य छुवाछूत र भेदभाव (कसुर र सजाय) ऐनसमेत नेपालमा छ। तर यसबीचमा पनि बारम्बार छुवाछुतको घटना मुखरित रूपमै बाहिर आइरहेका छन्। जातीय आधारमा हत्यासम्म भएका छन्। मानव सभ्यताकै कलंकका रूपमा रहेको जातिपाती कुप्रथाको निर्मूल नगरी समाजमा न्याय स्थापना हुन सक्दैन, तर यस्ता घटनामा स्थानीय जनप्रतिनिधि नै संलग्न हुने र कहिलेकाहीँ प्रतिनिधि सभाका सदस्यहरू पनि मतियार बन्ने गरेका छन्। नीति निर्माता र शासक नै कुप्रथाको संरक्षकमा उभिएपछि जातिपातीको कुप्रथाको जरो झैं जब्बर ढंगले बलियो भएको छ। छुवाछूतका घटना निर्मूल गर्न कानुनी व्यवस्थामात्रै अपर्याप्त रहेको प्रमाण यसबीचमा भएका घटनाहरू नै हुन्। मूलत: राजनीतिक व्यवस्थाको परिवर्तनसँगै जेजति समानताका उपलब्धि भएका छन्, सीमान्तीकृत वर्गको हितमा पनि भएका छन्। तर, ती अपर्याप्तै रहेको पनि पुष्टि जातीय विभेदका घटनाहरूले पुष्टि गर्छन्।

राजनीतिक क्रान्तिसँगसँगै आर्थिक र सामाजिक क्रान्ति पनि हुनुपर्ने थियो, त्यसो नहुँदा समाजमा जरा गाडेर बसेको छुवाछूतको कुप्रथा अझै हट्न नसकेको हो। यसका लागि ठूलो जागरण आवश्यक छ। नीतिनिर्मातादेखि समुदायसम्मको संलग्नतामा घनीभूत रूपमा चालिने अभियानले मात्रै धेरै हदसम्म यसलाई निमिट्यान्न पार्न सक्छ।

समाजलाई अझै पछि धकेल्ने यस्ता विभेदकारी कुप्रथालाई व्यावहारिक हिसाबले मेलमिलापमा टुंग्याउने वा कुनै सहमतिको बिन्दुमा लगेर बिसर्जन गर्नु हुँदैन। दोषीमाथि कडा कारबाही गरी छुवाछूत विरुद्धको कानुन कार्यान्वयन गर्नुपर्छ। पीडितलाई क्षतिपूर्ति दिनुपर्छ।

# समृद्धि हासिल गर्न वनको उपयोग



यज्ञनाथ दाहाल

आर्थिक वर्ष २०८१/८२ देखि कार्यान्वयनमा ल्याइएको नेपालको सोह्रौं पञ्चवर्षीय योजनाले 'समृद्ध नेपाल, सुखी नेपाली' को दीर्घकालीन राष्ट्रिय सोच राखेको छ । समृद्धिका चार वटा र सुखी नेपालीका पाँच वटा राष्ट्रिय लक्ष्य उक्त योजनामा रहेकोमा 'मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग' र ' उच्च तथा दिगो उत्पादन एवं उत्पादकत्व' समृद्धितर्फका प्रमुख लक्ष्य देखिन्छन् । राष्ट्रिय लक्ष्य प्राप्तिमा सम्भावनाका सबै पक्षको द्वार खोल्दै नेपाल र नेपाली क्षमताको पूर्ण उपयोग गर्न सकिएमा मात्र दीर्घकालीन यात्राले लिएको गन्तव्यमा सहजै पुग्न सकिन्छ । नेपालको प्राकृतिक स्रोतको रूपमा रहेको वनक्षेत्रको उपयोगबाट उद्यमशीलताको विकास र प्रवर्धन गरी मुलुकको औद्योगिक विकासमार्फत राष्ट्र परिलक्षित दीर्घकालीन सोचमा योगदान पुऱ्याउनुपर्ने आवश्यकता छ । वनक्षेत्रमा संलग्न विज्ञले वनक्षेत्रबाट सोह्रौं योजनाले राखेको राष्ट्रिय आकांक्षामा पुग्न सक्ने योगदानको विषयमा अध्ययन अनुसन्धान, चिन्तन मनन र चर्चा परिचर्चा गरी विषयवस्तुको प्रकटीकरण एवं उजागर गर्नु आवश्यक छ ।

दिगो उत्पादन र उत्पादकत्वमार्फत मुलुकको उद्यमशीलता प्रवर्धन गरी राष्ट्रिय आय निर्माण र रोजगारी सिर्जनामा वनक्षेत्रको बृहत्तर सम्भावना छ । बृहत्तर सम्भावना रहेको वनक्षेत्रमा विद्यमानका चुनौती तथा समस्याको निराकरण गर्न सक्दा वनक्षेत्रले उल्लिखित राष्ट्रिय आकांक्षा प्राप्तिमा अतुलनीय योगदान गर्न सक्छ भन्ने विज्ञहरूको अभिमत छ । वन उद्यमशीलता प्रवर्धनका सम्भावना, समस्या तथा चुनौती के के छन् त ?

**सम्भाव्य पक्ष**

नेपालको कुल भूभागको करिब ६८ लाख हेक्टर क्षेत्रमा वनले ढाकेको छ । निजी हकभोगको जग्गामा लगाइएको वनक्षेत्र जोड्ने हो भने योभन्दा पनि बढी वनले ढाकेको क्षेत्र हुन जान्छ । एक अध्ययनले देखाए अनुसार व्यस्थापन र सदुपयोगका हिसाबले पहुँचयोग्य रहेका करिब २२ लाख हेक्टर वनक्षेत्रको दिगो वन व्यवस्थापन पद्धतिमार्फत संरक्षण, विकास र सदुपयोग गर्न सक्दा वार्षिक न्यूनतम १५ करोड घनफिट काठ उत्पादन गर्न सक्ने सम्भावना छ । हामीलाई वार्षिक आवश्यक पर्ने काठको माग भनेको वार्षिक पाँचदेखि सात करोड घनफिट मात्र हो भन्ने छ । काठ तथा काठजन्य वस्तुको उत्पादन, काष्ठ कलाको विकास तथा प्रवर्धनमार्फत उद्यमशीलता उन्नयन गरी रोजगारी र आम्दानी गर्ने प्रबल सम्भावना छ । उल्लिखित २२ लाख हेक्टर वनक्षेत्रलाई दिगो वन व्यवस्थापनको पद्धतिमा प्रभावकारी ढङ्गले व्यवस्थापन गर्दा मात्रै पनि वर्षैभरि दुई लाख जनशक्तिले रोजगारी पाइरहने छन् ।

विडम्बना वार्षिक करिब सात/आठ करोड घनफिट काठ अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्न सक्ने हाम्रो क्षमता रहँदारहँदै पनि हामी काठ र काठजन्य वस्तु तथा सामग्रीको ठुलो मात्रामा आयात गरिरहेका छौँ । भन्सार विभागबाट प्रकाशित माघ महिनासम्मको पछिल्लो साढे चार वर्षको अभिलेख हेर्दा नेपालले एक खर्ब, ४१ अर्ब, ३८ करोड रुपियाँ बराबरको काठ तथा काठजन्य सामग्री आयात गरेको देखिन्छ भने सोही अवधिमा काठ तथा काठजन्य वस्तुको निर्यात भने २७ अर्ब चार करोड रुपियाँ बराबरको मात्र छ । नेपालको वनको दिगो व्यवस्थापनमार्फत काठको उत्पादन गरी सिधै गोलिया काठ मात्र विदेशमा पठाएर न्यूनतम एक खर्ब हरेक वर्ष आम्दानी गर्न सक्ने सम्भावना छ भने काष्ठ प्रविधि र कलाको प्रयोगद्वारा स्वदेशमै काष्ठकलाका सामग्री निर्माण गरी मूल्य अभिवृद्धिमार्फत निर्यात गर्दा अझ धेरै गुणा बढी आम्दानी गर्न सक्ने देखिन्छ ।

जडीबुटी तथा गैरकाष्ठ वन पैदावार अर्को महत्वपूर्ण क्षेत्र हो । नेपालका वनमा पाइने बोटबिरुवामध्ये नौ सय प्रजातिमा औषधीय गुण रहेको भन्ने छ । त्यस्तै; चार सयभन्दा बढी बोटविरुवाको खाद्यान्न उपयोगको गुण रहेको भन्ने एक अध्ययनले प्रकाश पारेको छ । नेपालका यस्ता जडीबुटी तथा गैरकाष्ठ वन उपजमध्ये करिब १५० वटा प्रजातिको व्यापारीकरण हुने गरेको, ३५ प्रजातिको खेती प्रणालीको प्रविधिको विकास भएको भन्ने अभिलेख छ । त्यसै गरी करिब ९० प्रतिशत जति कच्चा पदार्थकै स्वरूपमा ५० भन्दा बढी मुलुकमा निर्यात हुने गरेको र यसबाट करिब छ अर्ब रुपियाँ बराबरको वार्षिक मौद्रिक आय हुने गरेको भन्ने एक अध्ययन प्रतिवेदनले इङ्कित गरेको छ ।

स्वदेशमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको प्रशोधन हुने व्यवस्था गरी प्रशोधित तथा रिफाइन वस्तुको निर्यात गर्न सकेको अवस्थामा हालको छ अर्बभन्दा कैयौँ गुणा अधिक मौद्रिक आम्दानी गर्न सक्ने सम्भावना छ । अहिले हामी अर्बौं रुपियाँ बराबरका मानवीय स्वास्थ्योपचारका औषधी आयात गरिरहेका छौँ । आफ्नै मुलुकभित्र रहेका नौसय प्रजातिमध्ये महत्वपूर्ण र प्रचुर सम्भावना रहेका १०० प्रजातिको मात्र स्वदेशमै प्रशोधन गरी औषधीजन्य सामाग्री उपात्दन गर्न सकेमा स्वदेशी माग पूरा गरी निर्यात गर्न सक्नेसमेत सम्भावना देखिन्छ ।

वनक्षेत्रद्वारा पर्यापर्यटन उद्यशीलता अभिवृद्धि गर्न सक्ने अर्को उल्लेखनीय क्षेत्र छ । नेपालमा आउने विदेशी पर्यटकमध्ये करिब ६० प्रतिशतले राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षित क्षेत्र जस्ता प्राकृतिक वनक्षेत्रको भ्रमण गर्ने गरेको भन्ने अभिलेख छ । यस सूचकद्वारा स्थानीय पर्यापर्यटन व्यवसायमा वन, वन्यजन्तु तथा पारिस्थितिकीय प्रणालीको अमूल्य योगदान छ । यस्तो पर्यापर्यटन उद्यमशीलतालाई अझ प्रभावकारी तुल्याउन यस क्षेत्रमा रणनीतिगत सुधारको आवश्यकता छ । नेपालको सुन्दरता, सामाजिक जीवन, सांस्कृतिक पक्षलायतका विविध विषयमा प्रभावकारी सूचना व्यवस्थापन तथा सोको प्रसारप्रचार मह[illegible]वपूर्ण रणनीति हो । त्यस्तै; आउने विदेशी पाउनालाई आफ्नै घरमै आएको भान पार्ने गरी गरिने स्वागत र आतित्यथा प्रदान अर्को महत्वपूर्ण पक्ष हो । पर्यटकका लागि आवश्यक यातायातका भरपर्दो तथा आरामदायक व्यवस्था, अन्य अनिवार्य चाहिने सरसुविधा र सहयोग पनि यस उद्यमका निमित्त नभई नहुने पक्ष हो । हाम्रा पर्यटकीय क्षेत्रलगायत सबै क्षेत्रमा सरसफाइ, सुन्तरता अभिवृद्धि र आउने पाहुनाको निमित्त सुरक्षाको प्रत्याभूति र सुनिश्चितता दिलाउनु पनि अत्यन्त आवश्यक छ । यी सबै पक्षको सुव्यवस्थापन गरी अन्तर ष्ट्रिय जगत्मा व्यापक प्रसारप्रचारमार्फत नेपाल भ्रमण गर्न सुन्दर देश छ भन्ने सन्देश सम्प्रेषण गर्न सकेमा यो क्षेत्रबाट नेपालले बृहत्तर रूपमा आम्दानी र रोजगारी सिर्जना गर्न सक्ने अवसर छ ।

वन्यजन्तुको पालन, प्रजनन र अध्ययन अनुसन्धान वनक्षेत्रको अर्को एउटा महत्वपूर्ण तथा नयाँ क्षेत्र हुन सक्छ । वनक्षेत्र, निकुञ्ज, आरक्ष, संरक्षणक्षेत्र जस्ता प्राकृतिक भूभागको प्रभावकारी संरक्षण र विकासद्वारा विभिन्न वन्यजन्तुको वासास्थानमा सुधार र प्रवर्धन भएकाले केही वन्यजन्तुको संख्यामा अभिवृद्धि भएको छ । सन् २००९ मा १२१ रहेको बाघको संख्या हाल ३५५ भन्दा बढी नै छन् । कस्तुरी मृग जस्तो सङ्कटासन्न र दुर्लभ प्रजातिको संख्यामा पनि वृद्धि हुँदै छ । यस्ता बहुमूल्य, दुर्लभ तथा सङ्कटासन्न प्रजातिको प्रजनन, पालन, अध्ययन, अनुसन्धानमा व्यापक लगानी गरी नेपाल दुर्लभ वन्यजन्तुको अध्ययन र अनुसन्धान गर्ने मुख्य केन्द्र (हब) को रूपमा विकास गरी संसारभरिका वन्यजन्तु विज्ञ, अध्ययनमा संलग्न जिज्ञासु र विद्यार्थीलाई आकर्षण गर्न सकिन्छ ।

अन्य वन्यजन्तु जस्तै; चित्तल, रतुवा, वनेल, कालिज, मयुर जस्ता वन्यजन्तु तथा पन्छीको बृहत् रूपमा पालन, प्रजनन र अध्ययन अनुसन्धान गरी यस्ता पालित जनावरका मासु, हाड, छाला वा सिँगै जनावर निकासी गर्ने व्यवसायको नयाँ थालनी गर्न सकिने सम्भावना छ । यो क्षेत्र नवीन भएकाले यसमा सरोकार राख्ने सबैको साझा धारणा निर्माण गरी सरकारले ठोस नीति लिन अत्यन्त जरुरी छ ।

सम्भाव्य वनबाट उत्पादन हुने काठको सही सदुपयोग र यसको औद्योगिक विकास, गैरकाष्ठ वन पैदावारको स्रोत संरक्षण, दिगो विकास र स्वदेशमै प्रशोधनको प्रभावकारी व्यवस्थापन, पर्यापर्यटन उद्यमशीलताको विकास र प्रवर्धन तथा वन्यजन्तुको पालन, प्रजनन र अनुसन्धान जस्ता नवीन शैलीको अवलम्बन वनक्षेत्रका नेपाल लिएको उल्लिखित राष्ट्रिय लक्ष्यका रूपान्तरणकारी (गेम चेन्जर) योजना एवं उद्यमशीलता हुन् । यी चार पक्षमा सही दृष्टिकोण, प्रभावकारी नीति तथा रणनीति, प्रभावकारी योजना तथा कार्यक्रमको तर्जुमा एवं तिनको सही र प्रभावकारी कार्यान्वयन गर्न सकेमा राष्ट्रिय समृद्धि प्राप्तिमा व्यापक योगदान पुग्न छ । यसका लागि यस क्षेत्रका चुनौती तथा समस्याको सही आकलन तथा सामयिक र ठोस समाधान पहिलो सर्त हुन्छ ।

मूलतः वनको दिगो व्यवस्थापनको निमित्त स्थिर नीति, रणनीति, कार्यक्रम र योजनाको प्रस्तावना र कार्यान्वयन हुन नसक्नु नै प्रमुख चुनौती हुन् । उल्लिखित लक्ष्य प्राप्तिका लागि के कस्ता नीति, योजना, कार्यक्रम र बजेटको आवश्यकता पर्छ एक पटक नेपालका सम्पूर्ण राजनीतिक दल एक ठाउँमा बसेर मतैक्य नभएसम्म वनक्षेत्रका नीति, रणनीति र प्राथमिकता सरकार बदलिने बित्तिकै अन्योलमा परिहाल्छन् । यो अर्को समस्या हो । वन उद्यमशीलता प्रवर्धनका लागि निजी क्षेत्रको संलग्नता अनिवार्य सर्त हो । हाम्रो मुलुकमा वन उद्यमशील संलग्न निजी क्षेत्र त्यति उत्साही देखिँदैन । यसको सही सम्बोधन अर्को महत्वपूर्ण पक्ष हो । गैरकाष्ठ वन पैदावार उद्यमशीलताको प्रवर्धनमा सहकारी अवधारणाको प्रयोग र व्यवस्थापन कतिपय अवस्थामा अपरिहार्य छ ।

वनजन्य उद्यमशीलताको निमित्त कच्चा पदार्थको सततः आपूर्ति अनिवार्य सर्त हो । यसका लागि हाम्रा वन पैदावार बिक्रीवितरणका प्रक्रिया र विधि झन्झटिला छन् । यसको निराकरण गरी सरल तथा सर्वसुलभ हिसाबले वनजन्य कच्चा पदार्थको उपलब्धता हुने व्यवस्था मिलाउनु आवश्यक छ । आफ्ना वनका काठ कुहिने अवस्थामा पुऱ्याएर, सडाएर र गलाएर हामीले बाहिरी मुलुकबाट काठ ल्याएका छौँ । यो ठुलो महारोग हो । वनमा काठ कुहिनै नदिने र सङ्कलन गरेको वन पैदावार तीन/छ महिनाभित्रमा अनिवार्य बिक्रीवितरण गरिसक्ने गरी कानुन बनाई यसका जिम्मेवार पदाधिकारीलाई सर्तसहितको उत्तरदायी बनाउनु आवश्यक छ ।

# स्वास्थ्यमा जलवायु परिवर्तन प्रभाव



पदमराज जोशी

पछिल्ला वर्षमा नेपालमा नसर्ने रोगको कारण मृत्यु हुनेको संख्या बढ्दो छ । यसको प्रमुख कारणमध्ये जलवायु परिवर्तन प्रमुख कारण हो । जलवायु परिवर्तनले वायु, पानी र माटोमा असर गर्छ । वायु, पानी र माटोका कारण सरुवा रोगसँगै नसर्ने रोगको सङ्क्रमण पनि बढाउँछ । स्वास्थ्य विज्ञहरूका अनुसार जलवायु परिवर्तनको सबैभन्दा बढी असर स्वास्थ्य क्षेत्रमा पर्ने गरेको छ । नेपालमा गत असोजमा आएको अत्यधिक बाढी पहिरोका कारण थुप्रैले ज्यान गुमाए । कैयौँ बिरामी परे । यसो हुनुको प्रमुख कारण पनि जलवायु परिवर्तन नै हो । बाढीका कारण स्वास्थ्य संस्थासमेत डुबानमा परे । जलवायु परिवर्तनकै कारण पृथ्वीको तापक्रम बढ्दो छ । पछिल्ला वर्षमा किटजन्य रोगको सङ्क्रमण बढी रहेको छ । तराईमा हुने औलो हिमालसम्म पुग्नुको कारण पनि जलवायु परिवर्तन कारक तत्व रहेको नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का वरिष्ठ अनुसन्धान अधिकृत डा. मेघनाथ धिमाल बताउनुहुन्छ ।

डा. धिमालका अनुसार पृथ्वीको तापक्रम एक प्रतिशत बढ्यो भने साढे चार प्रतिशत रोगको भार बढ्छ । नेपालमा कुपोषणको समस्या बढ्दै जानु र सरुवासँगै नसर्ने रोगको सङ्क्रमण बढ्दै जानुमा पनि जलवायु परिवर्तनको भूमिका रहेको डा. धिमालको भनाइ छ । नेपालमा हुने मृत्युमध्ये २१ प्रतिशतको मृत्यु जलवायु प्रदूषणका कारण निम्त्याउने स्वास्थ्य समस्याका कारण हुने गरेको छ । एक दशकसम्म नेपालमा सरुवा रोगको प्रकोपले धेरैको मृत्यु हुने गरेको थियो तर अहिले अवस्था फेरिएको छ । प्रत्येक घरमा कुनै न कुनै व्यक्ति नसर्ने रोगबाट पीडित छन् । नसर्ने रोगमध्ये पनि उच्च रक्तचाप र मधुमेह त सबैको साझा स्वास्थ्य समस्या नै बनेको छ । ती रोगमध्ये केही अस्वस्थ्यकर खानपान र जीवनशैलीका कारण लाग्छन् भने केही वातावरण र मेटाबोलिजमसँग सम्बन्धित छन् । वायु प्रदूषण, दूषित पानी र वातावरणीय परिवर्तनका कारण उत्पन्न हुने रोग पर्छन्, जसले श्वासप्रश्वाससम्बन्धी रोग र अन्य स्वास्थ्य समस्या निम्त्याउँछन् ।

मेटाबोलिजमसँग सम्बन्धित कारकमा उच्च रक्तचाप, मधुमेह र मोटोपनलगायत अवस्था पर्छन्, जसले हृदयघात, पक्षघात र अन्य गम्भीर रोगको जोखिम बढाउँछन् । त्यसै गरी व्यवहारजन्य कारकमा धूमपान, मदिरा सेवन, असन्तुलित आहार र शारीरिक गतिविधिको अभावले स्वास्थ्यमा नकारात्मक असर पार्दै दीर्घकालीन रूपमा मृत्युको मुखसम्म पुऱ्याउन भूमिका खेल्छन् ।

अमेरिकाको वासिङ्गटन विश्वविद्यालयको स्वास्थ्य मेट्रिक्स एनड इभ्यालुएसन इन्स्टिच्युटको नेतृत्वमा सम्पन्न भएको विश्वव्यापी रोगको भारको अनुमान प्रदान गर्ने ग्लोबल बर्डन अफ डिजिज २०२१ नामक अध्ययन अनुसार विश्वभरि मृत्युका प्रमुख तीन कारणमा मुटुसम्बन्धी रोग २८.६१ प्रतिशत, श्वासप्रश्वाससम्बन्धी सङ्क्रमण तथा क्षयरोग १६.५ प्रतिशत र क्यान्सर १४.५ प्रतिशत छ । दक्षिण एसियामा मुटुसम्बन्धी रोग २४.७४ प्रतिशत श्वासप्रश्वाससम्बन्धी सङ्क्रमण तथा क्षयरोग २०.८ प्रतिशत र श्वासप्रश्वाससम्बन्धी दीर्घ रोगले १०.३८ प्रतिशत मृत्युका प्रमुख तीन कारण देखिएका छन् । पछिल्लो समय मुटुसम्बन्धी रोग अधिक बढेको देखिन्छ जुन १९९० मा प्रति लाख ५४.९३ थियो भने २०२१ मा यो दरमा वृद्धि भएर ८८.७६ प्रति लाख पुगिसकेको छ ।

सन् १९९० मा श्वासप्रश्वाससम्बन्धी रोग विशेष गरी क्षयरोग र तल्लो श्वास नलीको सङ्क्रमण मृत्युको प्रमुख कारक तत्व थियो । पछिल्लो समय क्षयरोग र तल्लो श्वास नलीको सङ्क्रमणका कारणले मृत्यु हुने संख्यामा कमी आए पनि कोरोना महामारीको समयमा श्वासप्रश्वाससम्बन्धी रोगको दरमा अचानक वृद्धि देखिएको थियो ।

मृत्युलाई प्रभाव पार्ने प्रमुख जोखिम तत्वमा क्रमशः उच्च रक्तचाप, धूमपान र रगतमा उच्च मधुमेह पर्छन् । उच्च रक्तचाप र रगतमा चिनीको मात्रा बढ्दै जानुमा शारीरिक व्यायामको कमी, अस्वस्थ खानपान र जीवनशैली, वायु प्रदूषणलगायत कारण हुन् ।

दीर्घ श्वासप्रश्वासका लागि धूमपान प्रमुख कारण हो । यस्तै गरी वायु प्रदूषण, घरको धुवाँ, रासायनिक पदार्थ मिसिएको धुवाँको मुस्लोले श्वासप्रश्वासको रोग बढिरहेको छ । श्वासप्रश्वासको रोगमा लामो समयसम्म धूमपान गर्ने व्यक्ति, धुवाँ तथा वायु प्रदूषणमा रहने व्यक्ति (ट्राफिक, इँटाभटा, सिमेन्ट कारखानामा काम गर्ने आदि) जोखिममा हुन्छन् । यस्ता रोगबाट जोगिन धूमपानदेखि टाढै रहेर प्रदूषणबाट जोगिन आवश्यक छ । प्रदूषणबाट जोगिन बाहिरी वातावरणमा निस्कँदा मास्क लगाएर मात्र निस्कन आवश्यक हुन्छ । यसका साथै ग्रामीण क्षेत्रमा दाउरा तथा अन्य धुवाँ निस्कने वस्तुबाट खाना पकाउने कारणले पनि श्वासप्रश्वासमा समस्या बढाउँछ ।

वायु प्रदूषणका प्रभावमा पनि उल्लेखनीय परिवर्तन आएको छ । सन् १९९० को तुलनामा, विश्वभर वायु प्रदूषणका कारण हुने मृत्युदर प्रति लाख १३७.६३ बाट घटेर १०२.३९ पुगेको छ । विश्वभर यसलाई दोस्रो प्रमुख जोखिमको रूपमा मानिन्छ, त्यही दक्षिण एसिया र नेपालमा २०२१ मा वायु प्रदूषण सबैभन्दा बढी मृत्युको कारणको रूपमा देखिएको छ । घरायसी वायु प्रदूषण केही हदसम्म घटेको भए पनि यसले अझै पनि महत्वपूर्ण स्वास्थ्य जोखिमको रूपमा काम गरिरहेको छ । घरायसी वायु प्रदूषण घट्दै गएको भए पनि बाह्य वायु प्रदूषण वृद्धि हुँदै गएको छ, जसले मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पारिरहेको छ ।

विश्वभर वायु प्रदूषणका कारण हुने मृत्युदर प्रति लाख १३७.६३ बाट घटेर १०२.३९ पुगेको छ । विश्वभर यसलाई दोस्रो प्रमुख जोखिमको रूपमा मानिन्छ, त्यही दक्षिणएसिया र नेपालमा २०२१ मा वायु प्रदूषण सबैभन्दा बढी मृत्युको कारणको रूपमा देखिएको छ ।

यो बढ्दो वातावरणीय वायु प्रदूषणको कारण श्वासप्रश्वास, एलर्जी, हृदयसम्बन्धी समस्यालगायत स्वास्थ्य समस्या देखा परिरहेका छन् । यसले मानिसको जीवनशैली र स्वास्थ्यमा गम्भीर असर पुऱ्याइरहेको छ । साथै, जलवायु परिवर्तनले पनि रोगहरूको फैलावट तथा भारमा वृद्धि गरेको छ ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य अनुसन्धान परिषद्ले गरेको अध्ययन 'बर्डेन अफ डिजिजको अध्ययन प्रतिवेदन २०१९' मा नेपालमा हुने समष्टिगत मृत्यु, अल्पायुमा हुने मृत्यु र तिनका कारणहरू उल्लेख छ । प्रतिवेदनहरूमा विभिन्न स्वास्थ्य समस्याको कारण हुने अशक्तता र मृत्यु तथा अशक्तताका जोखिम तत्वहरूको अवस्था र प्रवृत्तिको विश्लेषण गरिएको छ ।

प्रतिवेदन अनुसार नेपालमा ३० वर्षको अवधिमा नसर्ने रोगका कारण हुने मृत्युदर दोब्बरभन्दा बढीले बढेको छ । सन् १९९० मा नेपालमा नसर्ने रोगका कारण हुने मृत्युको भार ३१.३ प्रतिशत थियो । सन् २००० मा उक्त दर बढेर ४३.२ प्रतिशत पुगेको थियो । यस्तै, सन् २०१० मा ५९.१ र सन् २०१९ मा आइपुग्दा ७१.१ प्रतिशत मृत्युको कारण नसर्ने रोग देखिएको छ । यसले पनि नेपालमा नसर्ने रोगको सुषुप्त महामारी फैलिइरहेको देखाउँछ । मुटु तथा रक्तनलीसम्बन्धी, मधुमेह, दीर्घ श्वासप्रश्वास तथा क्यान्सर जस्ता नसर्ने रोग नेपालमा पनि मृत्युको प्रमुख कारण बन्नु चिन्ताको विषय बनेको वरिष्ठ मुटु रोग विज्ञ डा. भगवान् कोइराला बताउनुहुन्छ । नसर्ने रोगको उपचारसँगै रोकथाममा विशेष रणनीति बनाएर अगाडि बढ्न ढिलो गरेको अवस्थामा

❖ बाँकी तेस्रो पृष्ठमा



# दोस्रो चौमासिकमा पाँच दशमलव एक प्रतिशत आर्थिक वृद्धिदर



झापा(प्रस) । चालु आर्थिक वर्ष २०८१/८२ को दोस्रो त्रैमासिकमा पाँच दशमलव एक प्रतिशतको आर्थिक वृद्धि अनुमान हासिल भएको अनुमान गरिएको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले चालु आवको दोस्रो त्रैमासिकको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) सार्वजनिक गर्दै यातायातलगायत केही क्षेत्रमा राम्रो सुधार देखिए पनि जिडिपीमा सामान्य वृद्धि हासिल भएको जनाएको हो । यद्यपि, यो मौसमी प्रभाव समायोजन नगरिएको वृद्धिदर हो । दोस्रो त्रैमासिकको मौसमी प्रभाव समायोजनपछिको जिडिपी वृद्धिदर भने दुई दशमलव दुई प्रतिशत रहेको कार्यालयले जनाएको छ ।

'दोस्रो त्रैमासिकमा अर्थतन्त्रको धनात्मक वृद्धि हुनुमा यातायात,

❖ बाँकी अन्तिम पृष्ठमा

## नेपाल-बङ्गलादेश व्यापार
# आयात तीन अर्ब, निर्यात २७ करोड




झापा(प्रस) । चालु आर्थिक वर्षको आठ महिनामा बङ्गलादेशबाट रु दुई अर्ब ९६ करोड ९१ लाख ५२ हजार बराबरका मालसामान आयात तथा रु २७ करोड ६८ लाख ५४ हजार बराबरको सामग्री उक्त मुलुक निर्यात भएका छन् ।

काकँडभिट्टास्थित नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडका प्रमुख सुवास पाण्डेयका अनुसार बङ्गलादेशबाट सबैभन्दा धेरै रु एक अर्ब ६० करोड बराबरको अप्रशोधित जुट आयात भएको छ ।

यसैगरी आयात भएका अन्य वस्तुमा ब्याट्री, पोल्ट्री फिड सप्लिमेन्ट, कस्मेटिक आइटम, हाइड्रोजन प्याराअक्साइड, जुट यार्न, विद्युतीय उपकरण, औषधि, आलु, पेपर, ग्लास, फुड एण्ड वेभरेजका मालसामान छन् । काँकडभिट्टाबाट रु २३ करोड ६२ लाख ५८ हजारको खुदो निर्यात भएको छ । समीक्षा अवधिमा जडीबुटी, घरायसी सामग्री तथा पशुआहार पनि बङ्गलादेश निर्यात भएको छ । द्विदेशीय व्यापारमा सन्तुलन कायम हुन नसकेकामा चिन्ता व्यक्त गर्दै प्रमुख पाण्डेयले बिजुली निर्यातबाट त्यो परिपूर्ति गर्न सकिने बताए ।

# दलितलाई आत्मनिर्भर बनाउन 'सीपमूलक तालिम'



झापा(प्रस)। भोजपुरको टेम्केमैयुङ गाउँपालिकाले दलित समुदायलाई 'व्यावसायिक सीपमूलक कार्यक्रम' सुरु गरेको छ। न्यून आय भएकालाई आर्थिक रुपमा सक्षम, उद्यमशीलसँगै आत्मनिर्भर बनाउन कार्यक्रम थालेको हो ।

गाउँपालिकाले दलित समुदायका सदस्यलाई आत्मनिर्भर बनाउन १५ दिने मुढा बनाउने तालिम सञ्चालन गरेको गाउँपालिका उपाध्यक्ष रमादेवी राईले बताइन् । आर्थिक रुपमा कमजोर वर्गलाई पालिकाले आयआर्जनका विविध कार्यक्रममा सहभागी गराउन यस्ता सीपमूलक कार्यक्रम सञ्चालन गर्दै आएको उनले बताइन् ।पालिकाले महिलाहरुलाई अचार बनाउने, ढाका बुनाइ, सिलाइकटाइ, बेमौसमी सागसब्जी खेती, बङ्गुरपालन, बाख्रापालन, कुखुरापालनलगायत कार्यक्रम सञ्चालन गरिरहेको उपाध्यक्ष राईले जानकारी दिइन् ।

# दुर्गा प्रसाईं बने राजावादी आन्दोलनको 'कमान्डर'

झापा(प्रस) । पुराना पञ्चहरूलाई पन्छाउँदै व्यवसायी दुर्गा प्रसाईंले राजावादी आन्दोलनको नेतृत्व पाएका छन् । पूर्वपञ्च नवराज सुवेदी नेतृत्वको संयुक्त जनआन्दोलन समिति र राजसंस्था फर्काउन राजनीति गर्दै आएको राष्ट्रिय प्रजातन्त्र पार्टी प्रसाईंको नेतृत्वलाई स्वीकार्दै उनले आह्वान गरेको आन्दोलनमा होमिएका छन् ।



प्रसाईंले अगुवाइ गरेर चैत ४ गते राष्ट्रिय पञ्चायतका पूर्व अध्यक्ष राप्रपाका नेता नवराज सुवेदीको नेतृत्वमा राजसंस्था पुनःस्थापनाका लागि संयुक्त जनआन्दोलन समिति गठन गरिएको थियो । गठनसँगै उक्त समिति विवादमा तानिएको थियो । राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले आफू उक्त समितिमा नरहेको जनाएका थिए । राप्रपाको कार्यसम्पादन समितिको बैठकले राप्रपा आफैंले आन्दोलन गर्ने कुनै व्यक्ति विशेषको नेतृत्वमा पार्टीलाई नलैजाने निर्णय लिएको थियो ।

सुवेदी नेतृत्वको समिति गठन हुनुपूर्व नै प्रसाईंले चैत १५ गते काठमाडौंमा प्रदर्शन गर्ने घोषणा गरेका थिए । राजावादीहरूको साझा नेता बन्ने प्रयास गरेका सुवेदीले प्रसाईं एक्लैको निर्णयबाट घोषणा गरिएको आन्दोलनको स्वामित्व मात्रै लिएको छैन कि प्रसाईंलाई जनआन्दोलन समितिको कमान्डर पनि घोषणा गरेका छन् । सुवेदीद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'जनआन्दोलन समिति गठन गर्नुपूर्व नै चैत १५ गतेदेखि सुरू हुने गरी घोषणा गरिएको आन्दोलनलाई समितिले अपनत्व लिएको छ ।' उनले चैत्र १७ गतेबाट समितिका तर्फबाट थप आन्दोलनका कार्यक्रम घोषणा गरिने बताएका छन् ।

त्यस्तै, राप्रपाले पनि प्रसाईंले आह्वान गरेको आन्दोलनमा सहभागी हुने जनाएर उनको नेतृत्वलाई स्विकारेको छ । प्रसाईंले सार्वजनिक मञ्चहरूबाटै राप्रपा र तिनका नेताहरूको आलोचना गर्दै आएका छन् । राप्रपाका प्रवक्ता मोहनकुमार श्रेष्ठले आन्दोलनमा सक्रिय सहभागीताका लागि कार्यकर्ता पंक्तिलाई आह्वान गरेका छन् । राप्रपा समान विचार र उद्देश्य भएका सबैसँग सहकार्य, कार्यगत एकता र मोर्चा बनाएर आन्दोलनको मोर्चामा उभिन प्रतिबद्ध रहेको भनेका छन् ।

राप्रपा आफैंले राजसंस्था र हिन्दू राष्ट्र स्थापनाका लागि चैत्र २६ गते उपत्यकामा सभा गर्ने र वैशाख ७ गतेबाट काठमाडौंकेन्द्रित आन्दोलन गर्ने घोषणा गरिसकेको छ । शुक्रबारलाई तीनकुनेमा सभा गर्न काठमाडौं प्रशासनले भनेको छ ।

# लाइसेन्स छापिएको सूचना आएपछि मात्र लिन जानू




झापा(प्रस) । यातायात व्यवस्था विभागले सवारी चालक अनुमति पत्र (सवारी लाइसेन्स) छपाइ भएको सूचना पाएपछि मात्रै सम्बन्धित यातायात कार्यालयबाट सवारी लाइसेन्स लिन आग्रह गरेको छ ।

यातायात व्यवस्था विभागले यथाशीघ्र लाइसेन्स छाप्दै आएको र जसको जानकारी विभागको वेबसाइट, फेसबुक पेज र सवारी चालक अनुमति पत्रको परीक्षामा उत्तीर्ण व्यक्तिको मोबाइलमा एसएमएसमार्फत दिँदै आएको जनाएको छ ।

यस्तै सवारी चालक अनुमति पत्रको परीक्षा सञ्चालन भएपछि सम्बन्धित परीक्षार्थीले उक्त परीक्षा उत्तीर्ण गरिसकेपछि सोको विवरण नागरिक एप तथा विभागको वेबसाइटमा देखिने गरी प्रणाली आबद्धता गर्दै आएको विभागले जनाएको छ ।

'यातायात व्यवस्था विभागवाट सवारी चालक अनुमति पत्रको छपाइ भएपछि सोको जानकारी विभागको वेबसाइट, विभागको फेसबुक पेज "हेलो यातायात व्यवस्था विभाग तथा सम्बन्धित सवारी चालक अनुमति पत्रको परीक्षामा उत्तीर्ण व्यक्तिको मोबाइलमा एसएमएस पठाउने व्यवस्थामार्फत जानकारी गराउने व्यवस्था गरिएको छ,'विभागले सूचनामा भनेको छ,'अतः माथि उल्लिखित माध्यमहरूमा सूचना तथा जानकारी प्राप्त भएपछि मात्र सम्बन्धित यातायात कार्यालयमा आआफ्नो सवारी चालक अनुमति पत्र लिन गइदिन हुन सम्पूर्ण सरोकारवाला व्यक्ति, संघ, संस्था तथा निकायहरूलाई सादर अनुरोधसहित सूचित गरिन्छ ।'

# विदेशबाट आउने सामानको जाँचपासमा कडाइ

झापा(प्रस) । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयको कडाइका कारण दुई सय मेट्रिक टनभन्दा बढी सामान भन्सारमा अड्किएको छ । विमानस्थल कार्यालयले झिटीगुन्टा र कमर्सियल सामानको जाँचपासमा कडाइ गर्न थालेपछि विमानस्थलको गोदाम नै भरिने गरी सामान थुप्रिएको हो ।




भन्सारले विदेशबाट आउने सामग्रीलाई दुई भागमा विभाजन गरेको हुन्छ- पहिलो, व्यावसायिक (कमर्सियल) मालवस्तु र दोस्रो, व्यक्तिगत मालवस्तु । विदेशबाट आउँदा व्यक्तिगत तथा घरायसी प्रयोजनका लागि ल्याइने निश्चित परिमाणका वस्तुलाई भन्सारले महसुल छुट दिने व्यवस्था गरेको छ । यस्तो सामानलाई झिटीगुन्टा भन्ने गरिन्छ ।

यसबाहेकका सामानलाई भने व्यावसायिक (कमर्सियल) मालवस्तु भनिन्छ । यसमा तोकिएको दरमा भन्सार तथा आयात निर्यातसबन्धी अन्य प्रक्रियागत व्यवस्थासमेत लागु हुन्छ । कार्गो तथा कुरियर सेवा प्रदान गर्ने कम्पनीमार्फत् व्यक्तिले पठाएको सामानलाई पनि झिटीगुन्टाकै सरह मानेर भन्सार छुट दिइँदै आएको थियो तर, सोही माध्यमबाट व्यावसायिक सामान ल्याउँदा भने भन्सार महसुल लिएरमात्रै जाँचपास गरिँदै आएको थियो ।

गत फागुन ११ गते बसेको भन्सार कार्यालयको व्यापार सहजीकरण सम्बन्धी बैठकले कार्गो तथा कुरियरमार्फत् आउने व्यावसायिक सामानहरू समेत व्यक्तिगत प्रयोजनको भनेर घोषणा गर्ने प्रवृत्ति देखिएको भन्दै यसमा कडाइ गर्ने निर्णय गरेको थियो । त्यसको भोलिपल्टदेखि भन्सार कार्यालयहरूले जाँचपास कडाइ गर्न थालेपछि भन्सार विन्दुमा सामान थुप्रिएको हो ।

विमानस्थल भन्सार कार्यालयका एक अधिकारीका अनुसार अहिले त्यस्तो सामानले कार्यालयको गोदाम नै भरिइसकेको छ । उक्त भन्सार कार्यालयको गोदाममा मात्रै २०० मेट्रिक टनभन्दा बढी सामान जाँचपास हुन नसकेर रोकिएको ती अधिकारी बताउँछन् ।

भन्सारले उक्त निर्णय गरेको केही दिन अघिमात्रै सरकारले भन्सार विभागका महानिर्देशकदेखि विमानस्थल कार्यालयका प्रमुख भन्सार अधिकृतसम्मको सरुवा गरेको थियो । अहिले विभागको महानिर्देशकमा महेश भट्टराई छन् भने विमानस्थल भन्सार प्रमुखमा दिलीप गौतम सरुवा भएर आएका छन् । विभाग र कार्यालयमा नयाँ नेतृत्व आएपछि जाँचपासमा कडाइ हुन थालेको कार्गो तथा कुरियर व्यवसायी बताउँछन् ।

भन्सार विभागका महानिर्देशक भट्टराई झिटीगुन्टाको नाममा सरकारले दिएको राजस्व छुटलाई दुरुपयोग गर्दै व्यावसायिक सामान भित्र्याउने गरेको पाइएकाले यसलाई रोक्ने प्रयास गरिएको बताउँछन् । कार्गो तथा कुरियर व्यवसायीले भन्सार तिरेर सामान छुटाउन तयार नभएकाले केही सामान रोकिएको उनको भनाइ छ ।

# पाठ्यपुस्तक छपाइ सकियो



झापा(प्रस) । जनक शिक्षा सामग्री केन्द्रले शैक्षिकसत्र २०८२ का लागि पाठ्यपुस्तक छपाइको काम सकिएको जनाएको छ । केन्द्रका अनुसार १ वैशाखदेखि सुरु हुने नयाँ शैक्षिकसत्रका लागि पाठ्यपुस्तक छपाइको काम सकिएको हो ।

'छपाइको काम सकियो । शैक्षिक सत्र सुरु हुनुअघि नै देशभरिका विद्यालयहरूमा किताब पुग्छ,' केन्द्रका प्रबन्ध निर्देशक यदुनाथ पौडेलले भने ।

उनका अनुसार ८ वटा क्षेत्रीय कार्यालय र केन्द्रबाट १४ जिल्लामा बिक्री वितरण हुनेछ ।

कक्षा १, २ र ४ को पाठ्यपुस्तक निजी क्षेत्रबाट छपाइ भएको केन्द्रले जनाएको छ । कक्षा ३, ५ र ६ देखि १२ सम्मका पाठ्यपुस्तक भने जनक शिक्षाबाट छपाइ भएको केन्द्रकी सूचना अधिकारी पार्वती न्यौपानेले बताइन् ।

उनका अनुसार यो वर्ष १ करोड ७९ लाख १२ हजार थान किताब छपाइ गर्ने लक्ष्य केन्द्रले लिएको थियो । जसमा १ करोड ६३ लाख ६६ हजार पुस्तक छपाइ भइसकेको छ । करिब २० हजार जति कक्षा ३ र ५ को किताब अघिल्लो वर्षको स्टक छ ।

'शतप्रतिशत किताब छपाइ भइसकेको छ । १७ चैतदेखि सबै ठाउँमा किताब पुग्छ,' उनले भनिन्, 'यसपटक किताब गोदाममा थन्केला भन्ने चिन्ता छ ।'

पुस्तक वितरणका लागि केन्द्रले तालिका नै बनाएको छ । १ वैशाखभित्र सबै जिल्लामा पुस्तक पुर्‍याउने गरी केन्द्रले तालिका बनाएको छ ।

## स्वास्थ्यमा...

अवस्था भयावह हुन सक्ने अनुमान डा. कोइरालाको छ ।

नसर्ने रोगको बढ्दो प्रकोपका कारण विश्व नै आक्रान्त भइरहेका बेला नेपालले यसलाई व्यवस्थित रूपमा रोकथाम र नियन्त्रण गर्न नसर्ने रोगसम्बन्धी बहुक्षेत्रीय कार्ययोजना (सन् २०२१-२०२५) बनाएको छ । नेपालले नसर्ने रोगका कारणले अल्पायुमै हुने मृत्यु सन् २०२५ सम्ममा २५ प्रतिशतले घटाउने लक्ष्य लिएको छ । त्यसै गरी दिगो विकास लक्ष्यले समेत एक तिहाइले नसर्ने रोगका कारणले हुने मृत्यु घटाउने लक्ष्य लिएको छ । तर यो लक्ष्य पूरा गर्न त्यति सजिलो भने छैन । त्यसका लागि उपचारसँग रोकथामका कार्यक्रम पनि प्राथमिकताका साथ अगाडि बढाउनु पर्छ । स्वास्थ्य सरकारको र आमनागरिकको प्राथमिकतामा पर्नु पर्छ ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** आज आकस्मिक धनलाभ हुनेछ । महिला वर्गबाट सहयोग मिल्नेछ ।

**वृष** कूटनीतिक नियोगको सहयोग मिल्ला । पारिवारिक सद्भाव पनि बढ्नेछ ।

**मिथुन** आज शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**कर्कट** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**सिंह** आज विशिष्ट व्यक्तिको भेटघाटले मन प्रसन्न हुनेछ ।

**कन्या** अरूलाई प्रभावित पारेर काम बन्नेछ । आयआर्जनका क्षेत्रमा सुधार आउनेछ ।

**तुला** बन्न लागेको काम बिग्रनसक्छ । प्रेममा बाधाका साथै मन कमजोर रहला ।

**वृश्चिक** सामाजिक संस्थाबाट सहयोग र पदोन्नतिको सम्भावना प्रबल रहेको छ ।

**धनु** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ ।व्यापार, व्यवसायमा चैं लाभ नमिल्ला ।

**मकर** नयाँ कार्यको प्रारम्भ हुने र पुनर्मिलनको योग पनि रहेको छ ।

**कुम्भ** लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । सामान हराउने भय पनि छ ।

**मिन** आज स्वास्थ्य सम्बन्धी चिन्ता बढ्नेछ । सौन्दर्यतामा धन खर्च हुनेछ ।